Auckland Regional Public Health Service

Rātonga Hauora ā Iwi o Tamaki Makaurau

AUCKLAND District Health Board · COUNTIES MANUKAU District Health Board · Waitemata District Health Board Te Wai Awhina

Working with the people of Auckland, Counties Manukau and Waitemata

Auckland Regional Public Health Service

Rātonga Hauora ā Iwi o Tamaki Makaurau

AUCKLAND District Health Board · COUNTIES MANUKAU District Health Board · Waitemata District Health Board Te Wai Awhina

Working with the people of Auckland, Counties Manukau and Waitemata

# तपाईको चिकित्सकले तपाईलाई अस्पताल वा ल्किनिक को विषेशज्ञलाई सिफारिसगरेमा

**Doctor Referral—Nepali**
**June 2011**

**चिकित्सकले तपाईलाई अस्पताल वा ल्किनिकको विषेशज्ञलाई सिफारिस गर्दछ। यो निशुल्क: हो र तपाईले पैसा तिर्नु पर्दैन।**

तपाईले अस्पताल वा ल्किनिकबाट भेट्ने समय उल्लेख गरेको चिठ्ठी पाउनु हुनेछ। साधारणतया भेट्ने समय पाउनकोलागि कम्तिमा पनि तीन महिना लाग्न सक्दछ।

पक्का गर्नुहोस् कि तपाईले पत्र पाउनु भएपछि पढ्नुहोला वा कसैलाई पढिदिन भन्नुहोला। भेट्ने समयमा जाने निधो गर्नकोलागि तपाईले दिईएका निर्देशनहरु पालनागर्नु पर्दछ।

यदि आवश्यक परेमा अस्पताल वा ल्किनिकमा दोभाषेको व्यवस्था गर्न भन्नुहोला। तपाईले महिला वा पुरुष दोभाषे वा तपाईको विषेश भाषाको लागि दोभाषेको अनुरोध गर्न सक्नुहुनेछ।

यदि तपाईलाई भेट्ने समय परिवर्तन वा रद्द गर्नुपरेमा तपाईले अस्पताल वा ल्किनिकमा फोन गर्नै पर्दछ।

यदि तपाई भेट्ने समयमा जानु भएन भने नयाँ भेट्ने समयको लागि अझै लामो समय लाग्न सक्नेछ र तपाईलाई प्रतिक्षाको सूचिबाट हटाईन पनि सकिनेछ।

अस्पतालले तपाईको चिकित्सक (जनरल प्रक्टिसनर (जि पी) लाई टिपोट (रिपोर्ट) पठाईदिनेछ। यदि तपाईको एक भन्दा बढी चिकित्सक (जि पी) छन भने रिपोर्ट तपाईलाई अस्पताल वा ल्किनिकमा आउन सिफारिस गर्ने चिकित्सककहाँ टिपोट जानेछ।

अस्पताल वा ल्किनिकको भेट्ने समयमा जान राम्रो योजना गर्नुहोला।

भेट्ने समय भन्दा अगाडि पर्याप्त समय लगायर तपाईले अस्पताल वा ल्किनिकमा आउने सवारी साधनको व्यवस्था गर्नु पर्दछ। यदि तपाई त्यहाँ पहिला जानु भएको छैन भने ल्किनिक पत्ता लगाउन आधा घण्टाको समय दिनुहोस्। तपाई समयमा नै पुग्नु जरुरी छ जसले गर्दा तपाईको पालो बिराउनुहुने छैन।

यदि तपाईको बालबच्चा छन भने परिवारका सदस्य वा साथीहरुसंग घरमै वा तपाईसंगै अस्पतालमा हेर्नको लागि मद्दत माग्नुहोला। यसको व्यवश्था गर्ने तपाईको जिम्बेवारी हो।